भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎: ०५७-४१००६६
: info@bhimphedimun.gov.np
: bhimphedi.rm@gmail.com
: www.bhimphedimun.gov.np

पत्र संख्या : २०८२।०८३
च.नं. :

मिति :- २०८२।०९।२९

नेपाल सम्बत ११४६ पोहेलागा दशमी

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०९।२९)**

भीमफेदी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत सञ्चालन हुने कार्यक्रमका लागि रिक्त रहेका तपसिलका पदहरुमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजस्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं | विज्ञापनको किसिम | पद | सेवा/समुह/उपसमूह/तह | माग पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०१।०८२।०८३ | खुला | जनस्वास्थ्य अधिकृत | कार्यक्रमतर्फ/अधिकृतस्तर सातौं | १ (एक) | १२००।०० |
| २ | ०२।०८२।०८३ | खुल्ला | अभियानकर्ता | नेपाल स्वास्थ्य/आयुर्वेद सहायक चौथो | १ (एक) | ७००।०० |

क. **परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता।

ख. **परीक्षा मिति** : अर्को सूचनाद्वारा तय गरिनेछ।

ग. **परीक्षा केन्द्र** : भीमफेदी गाउँ कार्यपालिकाको कार्यालय,भीमफेदी मकवानपुर।

घ. **दरखास्त दस्तुर बुझाउने विधि र स्थान** : गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैङ्कमार्फत SUTRA बाट सृजित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता नं.१६७५७५१९७१९६००१ वा स्थानीय तह राजश्व पोर्टल मार्फत परीक्षा दस्तुर शिर्षकमा अनलाईन भुक्तानी गर्न सकिनेछ।

**राजश्व खाताको विवरण**

**कार्यालय कोड :** ८०१०३३२०६
**राजश्व शिर्षक :**१४२२४
**राजस्व शिर्षकको नाम :** परीक्षा शुल्क
**बैंक खाता नं :** १६७५७५१९७१९६००१

२०८२।०९।२९

चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

☎: ०५७-४१००६६
: info@bhimphedimun.gov.np
: bhimphedi.rm@gmail.com
: www.bhimphedimun.gov.np

भीमफेदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८२।०८३

च.नं. :

मिति :- २०८२।०९। २९

नेपाल सम्बत ११४६ पोहेलागा दशमी

**खाताको नाम :** ग.१.१.आन्तरिक राजश्व खाता

**खाता रहेको बैंक :** एन.आई.सी.एसिया बैंक ,भीमफेदी शाखा।

ङ. **दरखास्त दस्तुर बुझाउने अवधि :** दरखास्त दिन पाउने अन्तिम मिति सम्म (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

च. **दरखास्त दिने अन्तिम मिति :** २०८२/१०/१३ गते कार्यालय समयभित्र।

छ. **उम्मेदवारको उमेरको हद :** जनस्वास्थ्य अधिकृतको हकमा दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको र महिलाको हकमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको। नेपाल स्वास्थ्य आयूर्वेद अभियानकर्ताको हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

ज. **तलब/पारिश्रामिक :** प्रचलित नियम बमोजिम हुनेछ।

झ. **आवश्यक न्यूनतम योग्यता :**

१. **जनस्वास्थ्य अधिकृत पदको लागि,**

(क) नेपाली नागरिकता।

(ख) जनस्वास्थ्य अधिकृत पदको लागि जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तहको योग्यता हासिल गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता तथा नविकरण भएको हुनु पर्नेछ।

(ग) कम्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (MS word, Excel, Power Point, email/Internet) तथा नेपाली भाषामा प्रतिवेदन तयार पार्न सक्ने।

२. **अभियानकर्ताको लागि,**

(क) नेपाली नागरिकता।

**(ख)** अभियानकर्ताको लागि AAHW वा सो सरहको अध्ययन गरि आयूर्वेद चिकित्सा परिषदमा दर्ता तथा नविकरण भएको हुनु पर्नेछ।

ञ. **दरखास्त पाईने स्थान :** भीमफेदी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,भीमफेदी मकवानपुर वा कार्यालयको वेवसाईट www.bhimphedimun.gov.np बाट दरखास्त फारम download गर्न सकिनेछ।

ट. **दरखास्त फारम बुझाउने स्थान :** भीमफेदी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय भीमफेदी वा vaccancy.bhimphedirm@gmail.com मा बुझाउन सकिनेछ।

ठ. **दरखास्त फारमसाथ पेश गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु:

(१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन।

२०८२।०९।२९

चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

☎: ०५७-४१००६६
: info@bhimphedimun.gov.np
: bhimphedi.rm@gmail.com
: www.bhimphedimun.gov.np

पत्र संख्या : २०८२।०८३

च.नं. :

मिति :- २०८२।०९। २९

नेपाल सम्बत ११४६ पोहेलागा दशमी

(२) तोकिएको आवेदन फारममा विवरण भरी फोटो समेत टाँस गरिएको।

(३) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि।

(४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि।

(५) कार्य अनुभव खुल्ने कागजातहरु।

(६) सूचनामा माग गरिएका अन्य कागजातहरुको प्रमाणित प्रतिलिपि।

(७) राजश्व बुझाएको रसिदको प्रतिलिपि।

विस्तृत जानकारीको लागि सम्पर्क : रामनाम थिङ (९८४५८२८१६७)

**द्रष्टव्य**

(क) कार्यालयद्वाराका तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षामा उतीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र,नागरिकता,सेवाको अनुभव आवश्यक छ भनि उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको शैक्षिक योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था : बागमती प्रदेश लोकसेवा आयोगले सम्बन्धित पदका लागि तोके बमोजिम हुनेछ। यस सम्बन्धी अन्य व्यवस्था छनौट तथा पदपूर्ति समितिको निर्णय बमोजिम हुनेछ।

(ङ) दरखास्त फारम भीमफेदी गाउँपालिकाको वेवसाइट bhimphedimun.gov.np को विद्युतीय सुशासन सेवा भित्र रहेको नमुना फारम भित्र उपलब्ध छ।

चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner